# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ बैठक ब्यवस्थापन शाखा

च.नं.: ६४१९

मितिः-२०७८/०२/३१

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

**श्री मनहरी गाउँकार्यपालिकाका**
**सबै शाखा/उपशाखा प्रमुखहरु**
**वडा कार्यालय/वडा सचिवहरु**
**मनहरी, मकवानपुर ।**

प्रस्तुत विषयमा मिति २०७८ जेष्ठ २८ गते शुक्रवार बसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान दश यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

........................................

(रामप्रसाद शर्मा)

प्रमुख प्रशासकिय अधिकृत

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हर्नामाडी, मकवानपुर बागमती प्रदेश, नेपाल

वैठक संख्या १२
मिति २०७८।२।२८ गते
स्थान : मनहरी गाउँपालिका कार्यालयको सभा हल

आज मिति २०७८ साल जेष्ठ २८ गते दिनको ठिक २.०० वजे मनहरी गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको १२ औ वैठक देहायका पदाधिकारी ज्यूहरुको उपस्थितिका देहायका निर्णय गर्दै सम्पन्न भयो ।

उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | (signed) |
| २ | श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | (signed) |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं वडा अध्यक्ष | (signed) |
| ४ | श्री आनन्द घलान | २ नं वडा अध्यक्ष | (signed) |
| ५ | श्री विष्णु थिङ्ग | ३ नं का.वा वडा अध्यक्ष | (signed) |
| ६ | श्री घ्रुव खड्का | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री शुभराज थिङ्ग | ५ नं वडा अध्यक्ष | (signed) |
| ८ | श्री गोपीलाल मोक्तान | ६ नं वडा अध्यक्ष | (signed) |
| ९ | श्री ठाकुर तितुङ्ग | ७ नं वडा अध्यक्ष | (signed) |
| १० | श्री दिल वहादुर स्यांतान | ८नं वडा अध्यक्ष | (signed) |
| ११ | श्री साधुराम अधिकारी | ९ नं वडा अध्यक्ष | (signed) |
| १२ | श्री कृष्ण विडारी | महिला कार्यपालिका सदस्य | |
| १३ | श्री पम्फा रोक्का | महिला कार्यपालिका सदस्य | (signed) |
| १४ | श्री राधादेवी खकुराल पाठक | महिला कार्यपालिका सदस्य | (signed) |
| १५ | श्री राममाया प्रजा चेपाङ्ग | महिला कार्यपालिका सदस्य | राममाया |
| १६ | श्री गीता कुमारी प्रजा | दलित अल्पसंख्यक कार्यपालिका सदस्य | (signed) |
| १७ | श्री रामप्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | (signed) |

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

(stamp: ... गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ..., मकवानपुर, बागमती प्रदेश, नेपाल)

प्रस्तावहरु

१) समिक्षा सम्वन्धमा ।

२) म.ले.पको प्रारम्भिक प्रतिवेदन सम्वन्धमा ।

३) नदिहरुको IEE सम्वन्धमा ।

४) विपद कोषको अवस्थावारे जानकारी सम्वन्धमा ।

५) सफ्ठवेयर संचालन सम्वन्धमा ।

६) वजेट रकमान्तर सम्वन्धमा ।

७) शिक्षा नीति अनुमोदन सम्वन्धमा ।

८) विविध

निर्णयहरु

निर्णय नं : १

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाको समग्र पक्षको समिक्षा भयो । समिक्षा हुँदा शसर्त अनुदान, विशेष अनुदानका कार्यक्रमका वजेट शिर्षकहरुमा वजेट फ्रिज जान नदिने, छिटो छरितो र व्यवस्थित रुपमा शसर्त अनुदान , विशेष अनुदानका कार्यक्रमहरु संचालन गर्ने । आन्तरिक स्रोत तर्फका योजनाहरुलाई पनि यसै वर्ष सम्पन्न गर्न जोड दिने , यस आ.वमा सम्पन्न गर्न नसकिने भएमा आगामी वर्षका योजनामा समावेश गदै जाने निर्णय गरियो ।

निर्णय न : २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व २०७६।२०७७ सालको सम्पुर्ण स्रेस्ता महालेखा परिक्षकको विभागवाट परिक्षण भएको, परिक्षणको शिलशिलामा औल्याइएको वेरुजुको वारेमा जानकारी प्राप्त भयो । औल्याइएको वेरुजुका सम्वन्धमा देहायको प्रतिकृया सहित म.ले.पले उल्लेख गरेको प्रारम्भिक प्रतिवेदनको लगतवाट हटाइ दिनु हुन महालेखा परिक्षकको विभाग सँग अनुरोध गर्ने निर्णय गरियो ।

एकराज उप्रेती
अध्यक्ष

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

निर्णय नं : ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्र रहेका खोला तथा नदीहरुका रहेको नदीजन्य पदार्थहरुको समयमा नै व्यवस्थापन गर्न नसक्दा नदीजन्य पदार्थहरु चोरी निकाशी भई राजश्वमा क्षति पुगि रहेको र समयमा उत्खनन् हुन नसक्दा नदी तथा खोलाहरुको सतह वढी सार्वजनिक र निजी सम्पतिहरुमा नोक्सान भइ रहेकोले आगामी आ.व २०७८।२०७९ सालमा ठेक्का लगाउने प्रयोजनको लागि देहायका खोलाहरुलाइ देहायका प्याकेज वनाइ प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकन IEE गर्ने निर्णय गरियो ।

| क्र.स | नदी तथा खोलाहरुको नाम र प्याकेज | रकमान्तर हुने क्षेत्र | रकमान्तरित रकम |
|---|---|---|---|
| १. | राप्ति खोला पहिलो प्याकेज | विपद व्यवस्थापन कोष | २५००००। |
| २. | राप्ति खोला दोस्रो प्याकेज | | २५००००। |
| ३. | मनहरी खोला | | २०००००। |
| ४. | लोथर खोला | | २०००००। |

निर्णय नं : ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) कारण यस गाउँपालिका पनि प्रभावित रहेको यस पालिकामा विभिन्न निकायहरुवाट प्राप्त नगद तथा जिन्सी सहयोग प्राप्त भएको, प्राप्त विवरण वारे जानकारी प्राप्त भयो । प्राप्त खप्ने जिन्सी सामानहरु गाउँपालिको जिन्सी खातामा आम्दानी वाधी सम्वन्धित संस्थालाई हस्तान्तरण गर्ने । विपद कोषमा वचत रकमवाट वर्षातको समयमा घटन सक्ने संभावित क्षतिलाई लक्षित गरि आवश्यक औजार , उपकरण र लत्ताकपडा र नसडने ,नविग्रने विपद सँग सम्वन्धित सामानहरु गोदाम गरि राख्न मिल्ने सामानहरु खरिद गरि संभव भए सम्म सवै वडा कार्यालयमा नभए गाउँपालिका संचय गरि राख्न गाउँपालिका कार्यालय मार्फत विपद संयोजकलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं : ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकाको सेवा प्रवाहलाई सरल , सहज , व्यवस्थित, गतिशिल र पारदर्शि रुपमा पहिचान दिने शाखाको रुपमा राजश्व शाखा , र योजना शाखा रहेका छन । राजश्व शाखामा राजश्व संकलनको अवस्थालाई चुस्त दुरुस्त छिटो छरितो वनाउनको लागि सम्पति कर र आय लेखाको सफ्ठवेयर आवश्यक छ साथै योजना शाखामा सफ्ठवेयर जडान गरि योजना शाखालाई अझ वढी व्यवस्थित गरि सेवा प्रवाह छिटो छरितो वनाउनु र तथ्यांकलाइ विश्वसनिय, दिगो वनाउनु पर्ने भएकोले योजना शाखा , राजश्व शाखा र नौ वटै वडा कार्यालयहरुमा सम्पतिकर, आय लेखा सफ्ठवेयर संचालन गर्नको लागि देहाय वमोजिमको रकम देहाय वमोजिमका शीर्षकवाट रकमान्तर गरि प्रचलित कानुन वमोजिम खरिद गर्ने निर्णय गरियो

एकराज उप्रेती
अध्यक्ष

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

देहाय

| क.स | योजनाको नाम | रक्षेत्र | रकम | रकमान्तरित हुने क्षेत्र | रकम |
|---|---|---|---|---|---|
| १ | योजना शाखा सप्ठवेयर | कर्मचारी लगायत अन्य विषयगत कार्यक्रम अवलोकन | ५००००० | योजना शाखा सप्ठवेयर | ३०००००। |
| २ | आय लेखा सप्ठवेयर | | | आय लेखा सप्ठवेयर | ३०००००। |
| ३ | सम्पति कर सप्ठवेयर | यूवाहरुलाई कम्प्यूटर तालिम | ४०००००। | सम्पति कर सप्ठवेयर | ३०००००। |

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकामा यस वर्ष आठौ गाउँ सभावाट विनियोजन भई हाल सम्म योजना सम्झौता नभएका पुंजीगत शिर्षकका योजना तथा वजेटलाई तपशिल वमोजिमका शिर्षकहरुमा आगामी गाउँ सभावाट अनुमोदन हुने गरि रकमान्तर गर्ने निर्णय गरियो ।

तपशिल

| क.स | साविकका योजना | रकम | रकमान्तरित योजना | रकम |
|---|---|---|---|---|
| १ | गाउँ शिक्षा नीति निर्माण | २००००० | तोकिएका विद्यालयहरुलाई ICT कार्यक्रम अन्तर्गत कम्प्यूटर वितरण कार्यक्रम | ११००००। |
| २ | पुरस्कार र अतिरिक्त क्रियाकलाप | ५००००० | | |
| ३ | शैक्षिक भ्रमण | २५०००० | | |
| ४ | उत्कृष्ट विद्यार्थी शिक्षक र विद्यालय पुरस्कार | २००००० | | |
| ५ | विद्यालय करेसावारी | २००००० | | |
| ६ | माथिका शिर्षकवाट वचत भएको रकम | २५०००० | राष्टिय माध्यमिक विद्यालय ,मनहरी ६ सुनाचुरी लाइ सुद्ध खानेपानी खरिद गरि वितरण का लागी प्रविधि जडान गर्ने | २५००००। |
| ७ | स्थानीय पाठयक्रम निर्माण शिर्षकवाट | ७००००० | राष्टिय माध्यमिक विद्यालय ,मनहरी ६ सुनाचुरी लाइ सुद्ध खानेपानी खरिद गरि वितरण का लागी प्रविधि जडान गर्ने | २५००० |
| ८ | | ६७५००० | राष्टिय रोटरी माध्यमिक विद्यालय मनहरी ७ मनहरी सुद्ध खानेपानी वितरण | ६७५००० |

...राज उप्रेती

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँपालिकाको कार्यालय
मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ९ | | ४००००० | महेन्द्रकिरण माध्यमिक विद्यालय मनहरी ८ ज्यामिरे सुद्ध खानेपानी वितरणका लागी प्रविधि जडान | २७५००० |
| १० | | १२५००० | प्रजा आधारभुत विद्यालय मनहरी ३ सिद्धकाली सुद्ध खानेपानी वितरणका लागि प्रविधि जडान | १२५००० |
| ११ | विद्यालय घेरावार वाट वचत भएको रकम रु | १५०००० | प्रजा आधारभुत विद्यालय मनहरी ३ सिद्धकाली | १५०००० |
| १२ | अग्नी होत्रा किचन निर्माण | १००००० | नेपाली सेनाको प्रतापपुर व्यारेकका लागि विद्युत पोल खरिद | १००००० |
| १३ | अग्नी होत्रा किचन निर्माण | | वडा नं १ मकरी वाटो मर्मत | १००००० |
| १४ | अग्नी होत्रा किचन निर्माण | | वडा नं २ को भुन्द्रुङ्ग ,टाडी पुछारटोल सडक मर्मत | ३००००० |
| १५ | | | वडा नं १ को च्यावल झर्ने वाटो र च्यावल खोला झर्ने नाली निर्माण | २००००० |
| | | | वडा नं १ को खानेपानी योजनामा रकम विनियोजन | |
| १६ | | | वडा नं ९ ज्यामिरे खानेपानी मर्मत सम्वन्धमा | |
| १७ | विद्यालय घेरावार | २००००००। | राष्टिय रोटरी विद्यालय घेरवारको लागि वजेट व्यवस्था | ४७५००० |
| | | | विनाकालिका प्रा.वि मनहरी ९ घेरवारको लागि वजेटको व्यवस्था | ६००००० |
| | | | ऋषेश्वर वालजागृति प्रा.वि मनहरी ९ घेरवारको लागि वजेट व्यवस्था | ५५०००० |
| | | | व्रमकाली आधारभुत विद्यालय सोलार प्यानल र व्याट्रि मर्मत | २२५००० |
| १८ | अग्नी होत्रा किचन निर्माण | २५००००० | वडा नं ९ का लागि वोलपत्र आव्हान भएको पाइप खरिद योजनामा विनियोजन नभएको रकम रु | १६,६९,५२५.२८ |
| | | ३००००० | गाइ भैसिहरुमा देखिएको | ३,००,००० |

...राज उप्रेती

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत
मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | कृषि प्रवद्धनमा साझेदारी कार्यक्रम | | चरचरे र खोरेत रोगको लागी माग | |
| | | १५०००००| साना किसान कृषि सहकारी संस्था लि. मनहरी कोल्ड च्याम्वर निर्माण | ८०००००। |
| १९ | वालविकास केन्द्र भवन निर्माण | ४५२००० | सिता माध्यमिक विद्यालय मातहतको टंकी दमार वालविकास केन्द्र भवन र सौचलय निर्माणका लागि अनुमती दिने | ४५२०००। |
| २० | अग्नी होत्रा किचेन निर्माण | १००००० | डिभिजन वन कार्यालय मनहरी ग्यारेज निर्माण | ५०००० |
| २१ | कृषि प्रवद्धन कार्यक्रम | ७००००० | कालिका मन्दिर खोप केन्द्र निर्माण वडा नं ९ | १००००० |
| | | | वुद्ध शान्ति हरियाली पार्क वडा नं ७ | १००००० |
| | | | वडा नं ६ पाइप खरिद | ७५००० |
| | | | वस्तिपुर मनहरी ३ काठेपुल निर्माण | ५०००० |
| | | | वडा न ३ घट्रे दमार स्याव निर्माण | १२५००० |
| | | | वडा नं ८ देउकोट वाटो ग्राभेल | १२५००० |
| | | | हाडि खोला कुलो वडा ३ | ५०००० |
| २२ | अग्नी होत्रावाट ५०००० कृषि प्रवद्धनवाट ५०००० रमोतीदेवी पार्कवाट वचत भएको रकम वाट २५००० | | सौचालय निर्माण वडा नं ९ | १२५०००। |
| २३ | मोतिदेवी पार्कमा विनियोजित रकम रु | १०००००० | वडा नं ९ वडा कार्यालय जाने सडक ढलान | ९७५००० |
| २४ | उद्यमी महिला कोशेली घर निर्माण व्यवस्थापन | १०००००० | लामिटारमा रहेको निर्माणाधिन एकिकृत समावेशी भवन | २१०००००। |
| २५ | प्रजनन् स्वास्थ्य स्याहार तथा परामर्श केन्द्र भवन निर्माण तथा व्यवस्थान | ११००००० | | |
| | कर्म थन्जे छयोलिङ्ग गुम्वा वाटो निर्माण | ५००००० | डोटे सुकौरा गुम्वा वडा नं ३ | ५००००० |
| | जनमुखी जनता आवाश कार्यक्रम | ४०००००० चालिसलाख | मनहरी दिल्लीपुर वसन्तपुर वाटोमा पर्ने पोल ट्रान्समिटर | ३००००० |

...राज उप्रेती

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | वाट २६१०००० | हटाउने कार्य वडा नं ५ | |
| | | | टिम टेलिभिजनको लागि | ३५००० |
| | | | सामुदायिक संचार समुह रेडियो सन्देश १०६.९ सहायता | २५००० |
| | | | गोगनपानी जानेवाटो नाली निर्माण | २००००० |
| | | | मकरी खा.पाको नपुग रकम | १५००००० |
| | | | वडा नं ३ विद्युत विस्तार | १५०००० |
| | | | वडा नं ३ को वडा कार्यालय जाने वाटो | १००००० |
| | | | ओम शान्ती भवन वडा नं ३ | १००००० |
| | | | खौराल चोक उकालो वडा नं ३ र वडा नं १ वडा कार्यालय (अगाडी) जाने बाटो मर्मत | १००००० 1,00,000/- |

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकाले तयार गरेको शिक्षा नीति २०७८ अनुमोदन गर्ने र पिसिएफका आधारमा अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन निर्देशिका २०७६ मा समाविष्ट निम्न अनुसारका नियम तथा उप नियमहरुमा संसोधन गर्ने निर्णय गरियो ।

नियम न ९ प्रति विद्यार्थी एकाइ लागत अनुदान गणन्ना गर्ने आधार : गाउँ सभाले यस वर्षको लागि राजश्व वाँडफाँड शीर्षकमा शिक्षक व्यवस्थापनको लागि विनियोजन गरेको रकम रु ४०००००० र शैक्षिक सत्र २०७७ मा विद्यालयमा भर्ना भई अध्ययनरत विद्यार्थी संख्यालाई लिइने छ ।

नियम ९.१ (क) यस तहमा प्रति विद्यार्थी एकाइ लागत गणना गर्दा विद्यार्थी शिक्षक अनुपात ४२:१ मानिने छ र रु १५००० लाई न्यूनतम् तलव स्केलको आधारमा हिसाव गणना गरिने छ ।

नियम ९.१ (ख) तोकिएको न्यूनतम् तलव रु १५००० लाई १२ महिनाले गुणन गर्दा आउने रकमलाई प्रति कक्षा विद्यार्थी संख्या ५० ले भाग गरि प्रति विद्यार्थी एकाइ लागत हिसाव गणना गरिने छ ।

नियम ९.२ (ख) तोकिएको न्यूनतम् तलव स्केलको आधारमा हिसाव गणना गरिनेछ

नियम ९.२ (ख) तोकिएको न्यूनतम् तलव रु १६००० लाई १२ महिनाले गुणन गर्दा आउने रकमलाई प्रति कक्षा विद्यार्थि संख्या ५० ले भाग गरि प्रति विद्यार्थी एकाइ लागत हिसाव गणना गरिनेछ ।

नियम ९.१ (घ) मा कुनै विद्यालयमा निजी स्रोतमा शिक्षक व्यवस्थापन गरि वाल विकास कक्षा संचालन गरिएको र १० जना भन्दा धेरै वालवालिका वालविकास, कक्षामा भएको भए त्यस्ता विद्यालयलाई समेत एकमुष्ट अनुदान रकम प्रदान गर्न सकिने छ भन्ने खण्ड थप गर्ने उक्त सवै रकम गाउँपालिकाको आन्तरिक राजश्व ( कर ,दस्तुर , शुल्क , रोयल्टी र जरिवानावाट उठेको रकमवाट व्यहोरीने छ ।

राज उप्रेती

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

८. विविध

क) वडा नं ४ को वाढी पिडित संरक्षण कार्यक्रमलाई वोलपत्र विधीवाट संचालन गर्ने गरि निर्णय भएकोमा समय अभाव वन्दावन्दीको अवस्था र वर्षातको कारण समयमा सम्पन्न गर्न नसकिने भएकोले उक्त योजनालाई उपभोक्ता समितिवाट गर्ने गरि टिप्पणी पेश भएकोमा टिप्पणी अनुसारकाको व्यहोरा अनुमोदन गर्ने निर्णय गरियो ।

ख) यस गाउँपालिकाका कार्यालयको कार्यालय प्रयोजनको लागि यसै गाउँपालिका वडा नं ९ मा रहेको राम मिलन व्यक्तिको जम्मा कोठा संख्या ४ लाई मासिक १२००० कर वाहेक मा भाडामा सम्झौता गर्ने निर्णय गरियो ।

ग) यस गाउँपालिका कार्यालयको लागि जम्मा २ थान मात्र सवारी साधन रहेको र दुइ थान सवारी साधनले मात्र कार्यालय कामको लागि असहज भईरहेको प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारी, जनप्रतिनिधी सवार हुनको लागि प्रमुख प्रशासकीय अधिकृतले हाल प्रयोग गरिरहनु भएको सवारी साधन न वा २० च ५३१७ को सँग दैनिक १५०० भाडा कर सहितमा यहि मिति २०७८ साल अषाढ मसान्त सम्म सम्झौता गर्ने निर्णय गरियो । साथै उक्त भाडा रकम कन्टिजेन्सी शिर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

घ) यस कार्यालयमा कामको चाप अत्यधिक रहेको कार्यालयको मौजुदा जनशक्तिले समयमा नै कार्य सम्पन्न गर्न नसकिने अवस्था भएकोले अर्को व्यवस्था नभए सम्मको लागि एक जना दक्ष कम्प्यूटर अपरेटर दैनिक ज्यालादारीमा करार गर्ने निर्णय गरियो ।

ङ) यस गाउँपालिकाका उपाध्यक्ष श्री मनिला विष्ट ज्यूले प्रयोग गर्ने सवारी साधन मिति २०७८ साल जेष्ठ १९.प्रमुख प्रशासकीय अधिकृत सहित कर्मचारी फिल्डमा जाँदा गेयर वक्समा ढुङ्गा ठोक्कीइ टुटेको र अन्य मर्मत समेत गर्नु पर्ने र सो स्थानवाट टयाक्टरले डोर्याउदै हेटौडा वजार सम्म लगेको मर्मत र ढुवानी भाडा समेतको श्री हिमालय मोटर्सको ग्यारेजमा मर्मत गरेको रकम रु ३०००० र श्री सेति देवी मोटर्सको रु १४६०००। रकम कन्टिजेन्सी शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

च) यस गाउँपालिकामा रहको विभिन्न पक्षहरुको वारेको वारे प्रचार प्रसार गरि सजक , सचेत , गराउन भुमिका खेल्ने देहायमा उल्लेखित प्रत्रपत्रिका अनलाइन मिडियाहरुको रकम सुचना प्रकासन प्रशारण शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

देहाय

| क.स | मिडियाको नाम | माग गरिएको रकम | स्वीकृत गरिएको रकम |
|---|---|---|---|
| १ | रेड राइडिङ्ग मिडिया | १००००। | ५०००। |
| २ | उज्यालो खवर | १५००० | ८०००। |

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३ | स्टेट भिजन प्रा.ली | | |
| ४ | हेडम्वा मिडिया प्रा.ली | ८८४९ | ५०००। |
| ५ | क्रियसन मिडिया प्रा.ली | | ५०००। |
| ६ | विभान मिडिया | | ५०००। |
| | | | १५०००। |

छ) मनहरी गाउँपालिका वडा नं ६ फरिवाङ्ग वस्ने हिरामाया मुक्तानले आर्थिक सहायता पाउँ भनि निवेदन दर्ता गराएकोमा उक्त असहाय महिलालाई यस गाउँपालिकामा स्थापित वालिका असाहय न्याय कोषको कार्यविधिमा भएको व्यवस्था अनुसार भुक्तानी दिने निर्णय गरियो ।

ज) यस गाउँपालिका कार्यालयवाट विभिन्न समयमा वोलपत्र आव्हान भई संचालन अवस्थामा रहेका देहायका निर्माण कम्पनीहरुले विश्व व्यापिरुपमा फैलिरहेको कोराना भाइरसका कारण निर्माण कार्य जारी राख्न असहज अवस्था सिर्जना भएको भनि म्याद थपको लागि निवेदन दर्ता गराएकोले देहायका निर्माण कम्पनीहरुको म्याद देहाय वमोजिम थप गर्ने निर्णय गरियो ।

| क्र.स | निर्माण कम्पनीको नाम | योजनाको नाम | थप गरिएको समयावधी |
|---|---|---|---|
| १ | रत्न कुमारी एण्ड सन्स विल्डर्स | वडा नं ९ को वडा कार्यालय भवन निर्माण कार्य | २०७८ साल असोज मसान्त |
| २ | रत्न कुमारी एण्ड सन्स विल्डर्स | वडा नं ७ को वडा कार्यालय भवन निर्माण कार्य | २०७८ साल असोज मसान्त |

झ) विश्वव्यापि रुपमा फैलिरहेको कोभिड १९ का कारण मिति २०७८।१।१४ देखि निषेधाज्ञा जारी हुदा यस कार्यालयका कर्मचारीहरु कार्यालयमा उपस्थित नभएका तर हाल आर्थिक वर्षको अन्तमा कार्यालयको विकास निर्माणको कार्य सम्पन्न गर्नु पर्ने भएकोले विषयगत शाखा प्रमुख लगायत सम्पुर्ण कर्मचारीहरु, वडा कार्यालयका कर्मचारीहरु , स्वास्थ्य चौकीका सम्पुर्ण कर्मचारीहरु आफनो कार्यालयमा अनिवार्य रुपमा हाजिर हुने व्यवस्था गर्नु हुन गाउँपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ञ) यस गाउँपालिकाको सातौ गाउँ सभा तथा आ.व २०७८।२०७९ सालको वजेट नीति तथा कार्यक्रमको तयारीको लागि यही मिति २०७८साल अषाढ २ गते देखि ५ गते सम्म वस्ती स्तर र वडा स्तरवाट योजना छनौट गरि गाउपालिका कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

ट) वडा नं ४ मा वोलपत्र आव्हान भइ निर्माण हुने आधारभुत ( शहिद स्मृति ) स्वास्थ्य केन्द्र भवन निर्माणका लागी यसै गाउँपालिका वडा नं ४ मा रहेको मिति २०७८ साल जेष्ठ २७ गते यस कार्यालयमा दर्ता भएको निवेदन अनुसार दर्ता जग्गा दान गर्ने जग्गा दाताहरु मध्ये उपयुक्त जग्गामा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

एकराज उप्रेती
अध्यक्ष

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नामाडी, मकवानपुर
बागमती प्रदेश, नेपाल

ठ) यस गाउँपालिकामा संचालित गरिवी निवारणका लागी लघुउद्यम विकास कार्यक्रम प्रस्तावना २०७८।२०७९ लाई पारित गर्ने निर्णय गरियो ।

ड) यस गाउँपालिकाद्धारा तयार गरिएको लैगिक हिंसा निवारण कोष कार्यविधि २०७८ र सेवा सुविधा निर्देशिका २०७८ पारित गर्ने निर्णय गरियो ।

ढ) स्वास्थ्य कर्मचारीहरुलाई जोखिम भत्ता स्वरुप भत्ता उपलब्ध गराउने सम्वन्धमा कार्यविधि तयार गरि आगामी कार्यपालिकामा पेश गर्ने

ण) यस गाउँपालिका क्षेत्र भित्र वसोवास गर्ने मनहरी गाउँपालिकावाशीहरुलाई कोभिड १९ का कारण मृत्यू भएमा रु १५०००। पन्ध्रहजार मात्र किरिया खर्च वापत विपद कोषवाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

त) वहुक्षेत्रीय पोषण कार्यक्रममा निकाशा भएको रकम रु ६१५०००। छ लाख पन्ध्र हजारवाट ३००००० तीन लाख लाखको फलफुलका विरुवा खरिद गर्ने र २५००००दुइलाख पचास हजारको पोषण सम्वन्धी ( चना , भटमास , सन्तुलित पोषण पिठो खरिद गरि वितरण गर्ने रु ६५००० कुखुराको चल्ला खरिद गरि वितरण गर्ने ।

एकराज उप्रेती
अध्यक्ष